**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०४** **संख्याः ०३** **मितिः २०८०/११/१७**

**भाग–१**
**गुराँस गाउँपालिका**

## स्थानीय भाषा, कला, सम्पदा, संस्कृति र ललितकला संरक्षण एवं पर्यटन प्रवर्द्धन तथा विकास सम्बन्धी  व्यवस्था गर्न बनेको विधेयक, २०८०

गाउँसभामा पेश मिति २०८०/१०/१५
गाउँसभाबाट पारित मिति २०८०/११/११
प्रमाणीकरण मिति २०८०/११/१५

**प्रस्तावनाः** बहुजातिय, बहुभाषिक र बहुसाँस्कृतिक गुँरास गाउँपालिका भित्र भाषा, सँस्कृति र ललितकलाको संरक्षण, एवं पर्यटन प्रवर्द्धन तथा विकास गर्न, पुरातत्व स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकासमा साथै परम्परागत जात्रा र पर्वको सञ्चालन र व्यवस्थापन गरी प्रचलित कानून विरुद्धका कुरीति र कुसंस्कार विरुद्ध सामाजिक परिचालन गर्दै स्थानीय भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (१) खण्ड (फ) को कार्यान्वयनका लागि ऐनको दफा १०२ को उपदफा (१) बमोजिम गुँरास गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “स्थानीय संस्कृति र संरक्षण एवं पर्यटन प्रवर्द्धन तथा विकास ऐन,२०८०” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) “गाउँसभा” भन्नाले गुँरास गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(ख) “समिति” भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) “तोकिएको वा तोकिएबमोजिम” भन्नाले यस ऐन अर्न्तगत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(घ) “गाउँपालिका” भन्नाले गुँरास गाउँपालिका सम्झनु पर्छ ।

(ङ) “कार्यपालिका” भन्नाले गुँरास गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) “अध्यक्ष” भन्नाले गुँरास गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) “उपाध्यक्ष” भन्नाले गुँरास गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गुँरास गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) “भाषा” भन्नाले राष्ट्रिय भाषा नेपाली तथा अन्य स्थानीय भाषा, मातृ भाषा तथा गुराँस गाउँपालिकाका स्थानीय नागरिकले बोल्ने अन्य भाषा समेतलाई सम्झनु पर्छ ।

(ञ) “ललितकला” भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला र अन्य सृजनात्मक कला सम्झनु पर्छ ।

(ट) “सम्पदा” भन्दाले ऐतिहाँसिक सांस्कृतिक र प्राकृतिक प्रद्त जसले गुराँस गाउँपालिकालाईलाई चिनाउन मद्धत गरेको संरक्षण योग्य स्थान सम्झनु पर्छ ।

(ठ) “संस्कृति” भन्नाले परम्परादेखि चलिआएको रितिरिवाज, चालचलन तथा भेषभुषालाई सम्झनु पर्छ ।

(ड) “पर्यटन प्रवर्द्धन तथा विकास” भन्नाले गुराँस गाउँपालिकाभित्र रहेको ऐतिहाँसिक सम्पदा, भाषा, कला, भेषभुषा, रहनसहन, ललितकला तथा अन्य क्षेत्रहरुको संरक्षण, लगानी तथा प्रचारप्रसार सम्झनु पर्छ ।







(ढ) “पहिचान” भन्नाले स्थानीय भाषा, कला, सम्पदा, संस्कृति र ललितकला एवं पर्यटकिय क्षेत्र पत्ता लगाउनुलाई सम्झनु पर्छ ।

(ण) “समिति” भन्नाले भाषा, संस्कृति, ललितकला संरक्षण तथा पर्यटन प्रवर्द्धन विकास समिति सम्झनुपर्छ ।

(त) “जात्रा वा पर्व” भन्नाले गुराँस गाउँपालिकाका विभिन्न स्थानहरुमा परााम्परा देखि लाग्दै आएका विभिन्न जात्रा, रमाइलो मेला लगायत सम्झनुपर्छ ।

(थ) “संग्राहलय” भन्नाले स्थानीय परम्परा, कला, संस्कृति झल्कने खालका विभिन्न वस्तुहरुलाई संग्रह गरि राखिएको स्थान वा घर सम्झनुपर्छ ।

## परिच्छेद-२
## संरक्षण एवं र प्रवर्द्धन

३. **भाषा, संस्कृति, सम्पदा र ललितकलाको संरक्षण एवं पर्यटकिय क्षेत्रको पहिचान तथा प्रवर्द्धन गरिनेः** (१) स्थानीय भाषा, संस्कृति, सम्पदा र ललितकलाको संरक्षण एवं पर्यटकिय क्षेत्रको पहिचान तथा प्रवर्द्धन गरिनेछ । जसका लागि वार्षिक नीति तथा कार्यक्रममा समेत समावेश गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय भाषा, संस्कृति, सम्पदा र ललितकलाको संरक्षण एवं पर्यटकिय क्षेत्रको पहिचान तथा प्रवर्द्धनका लागि आवश्यक आधार (सुचक) तय गरिनेछ । साथै स्थानीय भाषा, कला, संस्कृतिको संरक्षणका लागि स्थानीय तहमा एक संग्रालयको व्यवस्था गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको आधार तय गर्दा दफा ४ बमोजिमको समितिले तय गर्नेछ । साथै स्थानीय भाषा, संस्कृति, सम्पदा र ललितकलाको संरक्षण एवं पर्यटकिय क्षेत्रको पहिचान तथा प्रवर्द्धनका क्रममा थप नयाँ काम गर्नुपर्ने भएमा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **भाषा, संस्कृति, ललितकला संरक्षण तथा पर्यटन प्रवर्द्धन विकास समितिः**

(१) गाउँपालिकाको स्थानीय भाषा, संस्कृति, सम्पदा ललितकलाको संरक्षण तथा पर्यटन प्रवर्द्धन र विकास गर्न एक गाउँपालिका स्तरीय व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका अध्यक्ष - संयोजक
(ख) उपाध्यक्ष - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) विषयगत समितिका संयोजकहरु - सदस्य
(ङ) गाउँपालिकाको अध्यक्षले मनोनित गरेको भाषा, संस्कृति र ललितकला सम्बन्धि ज्ञान भएको सामाजिक क्षेत्रको व्यक्ति एक जना महिला सहित २ जना - सदस्य
(च) सम्बन्धित शाखाको प्रमुख - सदस्य सचिव

५. **समितिको बैठक सम्बन्धी व्यवस्था** : (१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको सदस्य सचिवले समितिको बैठक वस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(५) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(६) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमान्त्रण गर्न सक्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय भाषा, संस्कृति, सम्पदा ललितकलाको संरक्षण तथा पर्यटन प्रवर्द्धन र विकासका लागि नीति, कानून, मापदण्ड निर्माण गरी कार्यपालिकामा पेश गर्ने,





स्थानीय भाषा, कला, सम्पदा, संस्कृति र ललितकला संरक्षण एवं पर्यटन प्रवर्द्धन तथा विकास सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८०

(ख) गाउँसभाबाट स्वीकृत नीति तथा योजनाको अधिनमा रहि स्थानीय भाषा, संस्कृति, सम्पदा ललितकलाको संरक्षण तथा पर्यटन प्रवर्द्धन र विकास गर्न योजना अनुसार बजेटको व्यवस्थापन गरी कार्यक्रम लागू गर्ने गराउने,

(ग) अनुगमन र नियमन गर्ने गराउने,

(घ) पुरातत्व, प्राचीन स्मारक तथा संग्रालयको संरक्षण, सम्भार र प्रवर्द्धन र विकास गर्ने गराउने,

(ङ) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्ने गराउने,

(च) जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापनका लागि अनुमति दिने दिन लगाउने,

(छ) प्रचलित कानून विरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन गर्ने गराउने,

(ज) आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्न भ्रमणको आयोजना गर्ने गराउने,

(झ) पर्यटयिक क्षेत्रको पहिचान, संरक्षण तथा प्रवर्द्धन गर्ने गराउने,

(ञ) स्थानीय भाषा, संस्कृति, सम्पदा, ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद-३

## वडा स्तरीय समितिको गठन तथा काम, कर्तव्य र अधिकार

७. **भाषा, संस्कृति, सम्पदा ललितकलाको संरक्षण तथा पर्यटन प्रवर्द्धन र विकास समितिः** (१) गाउँपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय समिति रहनेछ ।

(२) वडा स्तरीय समितिको गठन देहायबमोजिम हुनेछः

(क) वडा अध्यक्ष - संयोजक
(ख) वडा सदस्यहरु - सदस्य
(ग) भाषा, संस्कृति र ललितकला सम्बन्धि ज्ञान भएको संयोजकले तोकेको एक जना - सदस्य
(घ) वडा सचिव - सदस्य सचिव

(३) उपदफा (२) को समितिको बैठक सम्बन्धी व्यवस्था संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(४) समितिको सदस्य सचिवले समितिको बैठक वस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(७) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(८) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमान्त्रण गर्न सक्नेछ ।

(७) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

**८. वडा स्तरीय भाषा, संस्कृति र ललितकला तथा पर्यटन प्रवर्द्धन, संरक्षण र विकास समितिको काम, कर्तव्य र अधिकार** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वडा स्तरबाट योजना तर्जुमा गर्दा भाषा, संस्कृति र ललितकला संरक्षण र विकासका लागि गाउँपालिका स्तरीय समितिमा योजना आवश्यक बजेटको व्यवस्थापन गर्न सिफारिस गर्ने,

(ख) पुरातत्व, प्राचीन स्मारक तथा संगह्रालयको संरक्षण, सम्भार र प्रवर्द्धन र विकास गर्न गाउँपालिका स्तरीय समितिलाई वडागत रुपमा जानकारी गराउने,

(ग) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्ने अनुमतिको लागि गाउँपालिका स्तरीय समितिमा सिफारिस गर्ने,

(घ) वडा स्तरमा व्यापक रुपमा प्रचलित कानून विरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन गर्ने र गरेको जानकारी गाउँपालिका स्तरीय समितिलाई प्रतिवेदन पेश गर्ने,

(ङ) गाउँपालिका स्तरीय समितिको निर्देशनमा भाषा, संस्कृति, ललितकलाको संरक्षण, पर्यटन प्रवर्द्धन र विकास सम्बन्धी अन्य कार्य गर्ने ।

(२) वडा स्तरीय समितिको बैठकः उपदफा (१) बमोजिमको वडा स्तरीय भाषा, संस्कृति र ललितकला तथा पर्यटन प्रवर्द्धन, संरक्षण र विकास समितिको बैठक देहायबमोजिम हुनेछः-

(क) उपदफा (२) को समितिको बैठक सम्बन्धी व्यवस्था संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।





स्थानीय भाषा, कला, सम्पदा, संस्कृति र ललितकला संरक्षण एवं पर्यटन प्रवर्द्धन तथा विकास सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८०

(ख) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(ग) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(ङ) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(च) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमान्त्रण गर्न सक्नेछ ।

(छ) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

## परिच्छेद-४
## विविध

**९. नियम बनाउने अधिकार** : गाउँ कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम, कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

**१०. बचाउ** : यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानूनसँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**११. यसै बमोजिम भएको मानिने**: यो ऐन लागु हुन पुर्व भाषा, कला सम्बन्धी भए गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिने छ। साथै यस ऐनमा उल्लेख नभएको अन्य व्यवस्था संघिय कानुन बमोजिम हुनेछ ।

आज्ञाले
**दिनेश दाहाल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**